# प्रेस विज्ञप्ती

मिति २०७६/०३/२५

इटहरी उपमहानगरको पाँचौ नगरसभामा प्रस्तुत आर्थिक बर्ष २०७६/०७७ को वजेट, नीति तथा कार्यक्रम सर्वसम्मत पारित भएको छ । **"सुशासन र सम्वृद्धि हाम्रो अभियान, भ्रष्ट्राचार विहिन सरल, सहज र पहुँचयुक्त इटहरी नगर प्रशासन"** भन्ने नाराका साथ उपप्रमुख लक्ष्मी गौतमले प्रस्तुत गर्नुभएको १ अर्व ८५ करोड ५० लाखको आयव्ययको अनुमान असार २४ गतेको पाँचौ नगरसभाको चौथो वैठकले सर्वसम्मत पारित गरेको हो । वजेट नीति तथा कार्यक्रम माथिको छलफलमा २२ जना नगरसभा सदस्यहरुले सुझाव दिनुभयो । विकासमुखी, गाउँ र नगरको विकासमा सन्तुलित यो बजेट कार्यावन्यन भइसक्दा इटहरीवासीले अनुभूत गर्ने गरि विकासको लहर छाउने छ । इटहरीलाई गर्व गर्न लायक ठाँउ वनाउने तर्फ उपमहानगरले कुनै कसर बाँकी राख्ने छैन । वजेटमा आवधिक योजना निर्माण गरि व्यवस्थित र वैज्ञानिक विकास तर्फ इटहरीलाई अघि वढाइने ब्यवस्था गरिएको छ । इटहरीका नगर प्रमुख द्वारिकलाल चौधरीले अघि वढाउनुभएको भ्रष्टाचार विरुद्धको अभियानलाई संस्थागत र विधिसम्मत ढंगले संचालन गर्न सुशासन प्रर्वधन समिति र सुशासन अनुगमन समिति गठन गरिने छ । चालु नगरसभावाटै सुशासन ऐन पारित गरिने छ । कर्मचारीको क्षमता अभिवृद्धि, पुरस्कार र दण्डको व्यवस्था गरिएको छ । वजेटमा चालु तर्फ ७९ करोड ४ लाख ५५ हजार, पूँजीगत तर्फ १ अर्व ५ करोड, ७५लाख ५४ हजार र वित्तीय व्यवस्था तर्फ ७० लाख व्यय हुने अनुमान गरिएको छ । वजेटले भौतिक पूर्वाधार विकास, स्वास्थ्य, शिक्षा, कृषि तथा पशुपंक्षी विकास, उद्योग व्यापार, पर्यटन, खेलुकद र सामाजिक विकासमा प्राथमिकता दिएको छ । चालु आर्थिक वर्षमा करिव ७ सय वटा सडक निर्माण सम्वन्धि योजना संचालन भएकोमा आगामी आर्थिक वर्ष समेत वडास्तरीय र नगरस्तरीय सडक निर्माणमा जोड दिइएको छ । यस बर्ष थालनी भएका ११ वटा वहुवर्षे योजनाँको २५ किलोमिटर कालोपत्रे सडक निर्माण गर्ने काम आगामी वर्ष ७० प्रतिशत सम्पन्न हुने छ । इटहरीका सवै मुल वाटोहरु एक वर्षमा हिलो मुक्त र तीन बर्षमा धुलोमुक्त वनाउने अभियानलाई उच्च प्राथमिकता दिइएको छ । ४२ किलोमिटर वाहय चकपथ निर्माणका लागि बिस्तृत परियोजना प्रतिवेदन तयार गरि प्रक्रिया थालिने छ । नगर यातायात गुरु योजना अनुरुप सडक निर्माण गरिने छ । तीन बर्ष भित्र डेढसय किलोमिटर सडक पक्कि हुने छन् । त्यतिकै परिमाणमा ड्रेन सहितको सडक स्तरोन्नती हुने छ ।

सडक लगायत सार्वजनिक निर्माण कार्यको गुणस्तर मापन गर्न गुणस्तर मापन ल्याव स्थापना गरिने छ । सवारी पार्किङ्गलाई व्यवस्थित गरिने छ । स्मार्ट पाकिङ्ग निर्माण कार्य सुरु गरिने छ । सार्वजनिक जग्गा खोजी अभियानले निरन्तरता पाउने छ । खोला, पैनी र सडकको क्षेत्राधिकार तोकिने छ । क्षेत्राधिकार भित्र पर्ने जग्गामा निर्माण भएका भौतिक संरचना हटाउने अभियानलाई तिव्रता दिइने छ । इटहरीमा रात्री कालिन वजार सुरु हुने छ । व्यवस्थित सार्वजनिक शौचालय निर्माण हुने छ। शौचालय निर्माण प्रक्रिया अघि वढिसकेको छ । नीजि क्षेत्रको साझेदारीमा आधुनिक कृषि वजार स्थापना गरिने छ । कृषि तथा पशुपंक्षि विकास कार्यक्रमका लागि २ करोड विनियोजन गरिएको छ । महिलाको उद्यमशिलताको विकासका लागि उद्यमशील विकास कोष र लैगिंक हिंसा निवारण कोष स्थापना गरिने छ । घरेलु औद्योगिक ग्राम स्थापनाका लागि ५० लाख विनियोजन गरिएको छ । इटहरी ९ को जनता क्रिकेट पार्क निर्माण सम्पन्न गर्न ५० लाख रकम छुट्याइएको छ । वडा नम्वर ५ मा काव्यवाटिका सिटि पार्क निर्माण सम्पन्न गर्ने र सवै वडामा एक एक वाल उद्यान निर्माण गरिने छ । इटहरी अस्पतालमा २४औं घण्टा सेवा प्रदान गर्ने व्यवस्था मिलाइने

छ । आधुनिक उपकरणका लागि वजेट विनियोजन गरिएको छ । बिपन्न परिवारलाई सुत्केरी गराउन आउदा निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध हुने छ । आमा वच्चा पोषणभत्ता एक हजार प्रदान गरिने छ । उपमेयर सुत्केरी सेवा कार्यक्रम अर्न्तगत अति विपन्न सुत्केरीका लागि घरैमा गएर ३५ सय वरावरको खाद्यान्न र लत्ताकपडा प्रदान गरिने छ । विशेषज्ञ डाक्टरका लागि संघीय सरकारसँग पहल भइरहेको छ ।

खाद्यान्नमा विषादी रहे नरहेको तथा गुणस्तर परिक्षण गर्न खाद्य प्रयोगशाला स्थापना गर्न वजेट विनियोजन गरिएको छ । सरोकारवाला संस्थासँग समन्वय गरि इटहरी उपमहानगरवासीको मोतियाविन्दुको निःशूल्क शल्यक्रिया गरिने छ । इटहरीका सवै सामुदायिक विद्यालयमा सिसि क्यामरा जडान गरि उपमहानगरबाटै निरिक्षण गर्ने व्यवस्था गरिएको छ । अहिले १६ वटा विद्यालयमा यो कार्यक्रम लागु छ । कोहि छैनन निच उच, शिक्षामा समान पहँच भन्ने नाराका साथ दलित वालवालिकालाई विभिन्न छात्रवृतिको व्यवस्था गरिएको छ ।शिक्षा क्षेत्रको विकासमा १ करोड ४५ लाख विनियोजन गरिएको छ । इटहरी चौकको ठूला ड्रेन् सफाई कार्यक्रमका लागि ५० लाख छुटयाइएको छ । वजारको मुख्य भागमा सार्वजनिक शौचालय निर्माण गर्न ८० लाख छुट्याइएको छ । हिंसा पीडित महिलाका लागि सुरक्षित आवास गृह आगामी वर्षमा निर्माण गरिने भएको छ । सवै वडामा हिंसा आत्मरक्षा तालिम सम्पन्न गरि प्रतिरक्षा समूह गठन गरिएको छ । खेलमैदान निर्माण र खेदकुद विकासका लागि १ करोड १० लाख विनियोजन गरिएको छ । वहुजातीय ग्राम निर्माण सुरु गरि तीन वर्षमा सम्पन्न गरिने छ । खोला,पैनी सफाई गरि पानीको वहावलाई सहज वनाई डुवानको समस्या न्यूनिकरण गरिने छ । इटहरीमा पत्रकार महासंघको सहकार्यमा सञ्चारग्राम निर्माण कार्य प्रारम्भ गरिने छ जसका लागि करोड वढि मूल्य पर्ने जग्गाको भोगाधिकार पत्रकार महासंघ सुनसरीलाई दिने निर्णय भइसकेको छ । स्थानीय विज्ञापन स्थानीय सञ्चारमाध्यमलाई प्राथमिकता दिइने,पत्रकारिता विकास कार्यक्रम सञ्चालन गरिने,पत्रकार सम्मान कार्यक्रम गरिने छ ।गरीव, दलित,विपन्न परिवार उत्थानको लागि कृषि,पशुसेवा,वंगुर,गाईभैसी वाखापालन,अर्गानिक र वेमौसमी तरकारी खेति,कौशी सब्जि खेती तथा युवा स्वरोजगार कार्यक्रम सुरु गरिने छ । बुढीखोला किनारमा बाँस रोप्ने कार्यलाई अभियानका रुपमा संचालन गरि नदि नियन्त्रण गर्न १० लाख विनियोजन गरिएको छ ।व्यवसायिक रुपमा कागतीखेतीका लागि कागतीका विरुवा रोप्न पाँचलाख रकम छुटयाइएको छ । इटहरी चौक आसपास घण्टाघर निर्माणका लागि वजेट विनियोजन गरिएको छ ।

यो वजेटको सफल कार्यावन्यनका लागि इटहरीउपमहानगरवासी, नागरिक समाज, राजनीतिक दल, कर्मचारी, व्यवसायी, संचारकर्मी सवै पक्षलाई हार्दिक आवहान गर्दछौ । आउनुहोस सम्वृद्ध इटहरी निर्माणका लागि सवैले आ आफनो ठाँउवाट योगदान गरौ ।

लक्ष्मी गौतम
उपप्रमुख

लक्ष्मी गौतम
उप-प्रमुख

इटहरी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.१, सुनसरी, नेपाल
स्था. २०७३

द्वारिकलाल चौधरी
प्रमुख

द्वारिकलाल चौधरी
नगर प्रमुख